दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३३४ | बुटवल | २०८१ मंसिर २६, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Dec. 11, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# नेपाल–चीन बीआरआइ फ्रेमवर्कको पूर्णपाठ सार्वजनिक

फ्रेमवर्कमा 'ग्रान्ट' (अनुदान) भन्ने शब्द कतै उल्लेख छैन । यसको मतलब चीन सरकारले बीआरआइअन्तर्गत रहेर नेपालमा आवश्यकताअनुसार अनुदान, सहुलियतपूर्ण ऋण दिन वा ऋण लगानी गर्न सक्नेछ ।

**लुम्बिनी संवाददाता**
*बुटवल*



प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा गत मंगलबार भएको 'फ्रेमवर्क फर बेल्ट एन्ड रोड कोअपरेसन' सार्वजनिक भएको छ ।

फ्रेमवर्कमा 'ग्रान्ट' (अनुदान) भन्ने शब्द कतै उल्लेख छैन । यसको मतलब चीन सरकारले बीआरआइअन्तर्गत रहेर नेपालमा आवश्यकता अनुसार अनुदान, सहुलियतपूर्ण ऋण दिन वा ऋण लगानी गर्न सक्ने छ ।

फ्रेमवर्कको बुँदा नं. ४ अन्तगर्तको आर्थिक समन्वय उप-शीर्षकमा एड (सहायता) भन्ने शब्द राखिएको छ । यसमार्फत् चिनियाँ पक्षले बीआरआईमार्फत् नेपालको विकासमा प्राविधिक र आर्थिक सहयोग प्रदान गर्ने उल्लेख छ । यसमा दुई देशको आवश्यकता अनुरूप सहयोग गर्ने वित्तीय मोडालिटीहरू तय हुने जनाइएको छ ।

दुवै देशले प्राविधिक, वित्तीय, व्यावसायिक र आर्थिक सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गरेर प्राथमिकतामा परेका आयोजनाहरूको लागि बजेट छुट्ट्याउने उल्लेख छ । त्यस्तै दुवै पक्षले अन्तर्राष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गर्न सक्ने पनि उल्लेख गरिएको छ ।

सत्तारुढ दल नेपाली कांग्रेस तथा एमालेबिच अहिलेसम्म पनि बीआरआइको फ्रेमवर्कमा एकमत हुन सकेको छैन । नेपाली कांग्रेस ऋणको रुपमा बीआरआई परियोजना कार्यान्वयन गर्न नहुने पक्षमा छ ।

पाँच बुँदामा समेटिएको फ्रेमवर्कको पहिलो बुँदामा विस्तृत पृष्ठभूमि उल्लेख गरिएको छ । यसैअन्तर्गत सहकार्यका अन्य डकुमेन्टमा हस्ताक्षर हुने बताइएको छ ।

दोस्रो बुँदामा सहकार्यका सिद्धान्तहरू राखिएको छ, जसमा साझा विकासका लागि संयुक्त परामर्शलगायत तीनवटा सिद्धान्तहरू उल्लेख छन् । पहिलो सिद्धान्तमा साझा विकासका लागि संयुक्त परामर्श, दोस्रोमा सार्थक प्रभावका लागि व्यावहारिक सहकार्य र तेस्रोमा लगानी वृद्धिका लागि नीतिगत वातावरण तयार पार्ने विषय उल्लेख छन् ।

तेस्रो बुँदामा सहकार्यका चार उद्देश्य समेटिएका छन् । तिनमा प्राथमिकताप्राप्त योजनाहरूको विकासद्वारा व्यापार, पूर्वधारा र कनेक्टिभिटीको क्षेत्रमा सहकार्य गर्नेलगायत छन् । जहाँसम्म विकास परियोजनाको सन्दर्भ हो, त्यो सन् २०१७ मा भएको बीआरआइ समझदारीको दोस्रो बुँदामा उल्लिखित 'सहकार्यका क्षेत्रहरू' अन्तर्गत रहने उल्लेख छ ।

फ्रेमवर्कको चौथो बुँदामा सहकार्यका प्राथमिकताहरू तोकिएका छन्। यसअन्तर्गत पहिलो प्राथमिकतामा आर्थिक सहायता, दोस्रोमा वित्तीयक्षेत्र सहायता राखिएको छ । तेस्रो प्राथमिकतामा यातायात, कनेक्टिभिटी तथा लजिस्टिक क्षेत्रलाई राखिएको छ। केही वर्षयता चर्चामा रहँदै आएको हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्ने विषयपनि यसै बुँदामा उल्लेख छ ।

सहकार्यको चौथो प्राथमिकतामा व्यापार, औद्योगिक क्षमता तथा लगानीको क्षेत्र छुट्ट्याइएको छ । पाँचौं प्राथमिकता भन्सार सञ्चालनसँग सम्बन्धित छ । शिक्षा, स्वास्थ्य र चिकित्साक्षेत्रमा पनि सहकार्यका लागि विस्तृत कार्यढाँचा बनाउन सकिने पनि यसै बुँदामा उल्लेख छ ।

फ्रेमवर्कको पाँचौं बुँदामा 'वार्ताका लागि पहिचान गरिएका योजनाहरू पहिचान गर्ने' उल्लेख गरिएको छ । ती परियोजनाहरू १० वटा छन् ।

ती परियोजनाहरूमध्ये पूर्वाधार र सहरी विकाससँग सम्बन्धित पाँच योजना छन् । तिनमा १) टोखा-छहरे सुरुङमार्ग, २) हिल्सा-सिमकोट सडकमार्ग, ३) किमाथांका-खाँदबारी सडकमार्ग-किमाथांका पुल र एकीकृत चेकपोस्ट, ४) नेपालतर्फ पर्ने चीन-नेपाल सीमापार रेलमार्ग र ५) अमरगढी डडेलधुरा सिटीहल निर्माण छन् ।

ऊर्जासँग सम्बन्धित एउटा योजना उल्लेख छ । त्यसमा जिलोङ-रसुवागढी-चिलिमे २२० केभी सीमापार विद्युत् प्रसारण लाइन पर्छ । शिक्षा र स्वास्थ्यसँग सम्बन्धित दुई परियोजना छन् । तिनमा मदन भण्डारी साइन्स एन्ड टेक्नोलोजी विश्वविद्यालय र काठमाडौं बैज्ञानिक केन्द्र र विज्ञान संग्रहालय छन् ।

उद्योग र व्यापारसँग सम्बन्धित एउटा परियोजना उल्लेख गरिएको छ । झापाको दमकमा निर्माण गरिने 'चीन-नेपाल मैत्री उद्योग पार्क' राखिएको छ । यसैगरी खेलकूदसँग सम्बन्धित परियोजनामा झापा स्पोर्टस् एन्ड एथलेटिक्स कम्प्लेक्सको निर्माणलाई राखिएको छ ।

» *बाँकी ३ पेजमा*

## सरकार नसच्चिए सशक्त प्रतिवाद : प्रचण्ड



बुटवल । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारले आफ्ना गलत गतिविधि नसच्याए सदन र सडकबाट सशक्त प्रतिवाद गर्ने चेतावनी दिएका छन् ।

चितवनको भरतपुरमा मंगलबार आयोजित खबरदारी सभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले यस्तो चेतावनी दिएका हुन् ।

सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको विपक्षमा गएको भन्दै प्रचण्डले त्यो नरोकिए संसदको विशेष अधिवेशन बोलाउने र लाखौं जनता सडकमा ल्याएर सदन र सडकबाट आन्दोलन अघि बढाउने चेतावनी दिए ।

राम्रो बन्दै गरेको विद्युत् प्राधिकरण, मेरिटोक्रेसीमार्फत् सुधारको बाटोमा अघि बढेको त्रिभुवन विश्वविद्यालय आदिमा प्रहार गरेर सरकारले अराजकता निम्त्याउन खोजेकाले यस्ता हर्कत स्वीकार्य नहुने प्रचण्डको भनाइ छ ।

आफूले प्रधानमन्त्री हुँदा रुग्ण उद्योगहरू सञ्चालनको तयारी गरेको, तर अहिलेको सरकारले सार्वजनिक उद्योग बिक्री गर्न खोजेको पनि प्रचण्डको आरोप छ ।

फरक प्रसङ्गमा अध्यक्ष प्रचण्डले देशभरका हजारौं सहकारीको पैसा अपचलन गर्नेमा कांग्रेस एमालेकै नेताहरूको बाहुल्यता भए पनि उनीहरूलाई बचाउन केन्द्रित रहेको बताए ।

आफ्नाहरूलाई जोगाउँदै सारा ठगी नै रवि लामिछानेले गरेकोझैं गरी प्रतिशोधपूर्ण व्यवहार गरेको प्रचण्डको भनाइ छ ।

'तपाईं हामी सबैलाई चासो हुनेलाई थाहा छ, अहिले सरकारको नेतृत्व गर्ने दलका नेताहरू नै ठूला सहकारी ठग छन् । तिनै नाटकबाजहरुकलाई बचाउन सरकार केन्द्रित छ । उनीहरूलाई बचाउनकै लागि रवि लामिछानेलाई सहकारीको सबै पैसा खाएको हो जसरी प्रस्तुत गरिएको छ ।'- प्रचण्डले भने ।

उनले रविलाई आफैँले प्रधानमन्त्री प्रस्ताव गरेको पार्टीले अहिले पूर्वाग्रहपूर्ण प्रतिशोध साधेको भन्दै रवि र राष्ट्रिय स्वतन्त्र पार्टीले कांग्रेस र एमालेले भनेको स्वीकार नगरेको कारण राजनीतिक प्रतिशोधको व्यवहार देखाएको सबैले बुझ्ने बताए । प्रचण्डले गिरिबन्धु टि स्टेटमा भएको भ्रष्टाचारको फाइल लुकाउन अहिलेको सरकार बनेको आरोप समेत लगाए ।

## रास्वपा नेताहरूलाई लिखित जवाफ दिन सर्वोच्चको आदेश




बुटवल । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय पदाधिकारी एवं सांसदहरूलाई 'अदालतको अवहेलनाको आरोपमा किन कारबाही नगर्ने ?' भनी जवाफ माग्ने आदेश गरेको छ ।

पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउपछिको प्रदर्शनका क्रममा भएका विषयप्रति परेको अवहेलनाको निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि सर्वोच्चले यस्तो आदेश गरेको हो ।

प्रहरीले पक्राउ गरेको र अदालतको अनुमतिमा म्याद थप भइसकेको व्यक्तिलाई रिहा गराउन दबाबस्वरुप सडक आन्दोलन गरेकोमा प्रश्न उठाइ अवहेलनाको कारबाही हुनुपर्ने भनी अधिवक्ता अनुपम भट्टराईले सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।

न्यायाधीशहरू विनोद शर्मा र महेश शर्मा पौडेलको इजलासले उनीहरूसँग 'लिखित जवाफ माग्ने' आदेश गरेको हो ।

'अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित पार्न खोजेको' आरोपसहित उनले निवेदनमा कानुनी प्रक्रिया र फौजदारी न्याय प्रणालीमा अवरुद्ध पार्न खोज्ने रास्वपाका पदाधिकारीहरूलाई अवहेलनामा कारबाही हुनुपर्ने माग गरेका थिए ।

रास्वपाका सबै केन्द्रीय पदाधिकारीसहित बागमती प्रदेशका सभापति डा.अच्युतम लामिछाने, कार्यबाहक प्रवक्ता मनिष झालगायत रवि लामिछानेबाहेक २० जना सांसदलाई अवहेलनाको निवेदनमा विपक्षी बनाइएको छ ।

अब विपक्षी बनाइएका रास्वपाका केन्द्रीय पदाधिकारी एवं सांसदहरूले सर्वोच्च अदालतमा लिखित जवाफ दिनुपर्नेछ । त्यसपछि मात्रै अवहेलनाको निवेदनमाथि सुनुवाइ प्रक्रिया अघि बढ्नेछ ।

## लुम्बिनी महोत्सवमा निःशुल्क माटो परीक्षणमा किसानको लर्को



भैरहवा । भैरहवामा जारी नवौं लुम्बिनी राष्ट्रिय महोत्सवमा निःशुल्क माटो परीक्षण सुरु भएको छ । कृषि प्रधान मुलुक भएर पनि किसानले सहजै आफ्नो उब्जाउ भूमिको माटो परीक्षण गर्न पाएका छैनन् । यस्तो अवस्थामा महोत्सव आयोजक संस्था सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले निःशुल्क माटो परीक्षणको व्यवस्था गरेको हो । नेपालगञ्जका प्राविधिकहरुको सहयोगमा माटोको निःशुल्क परीक्षण सुरु गरिएको आयोजकले जनाएका छन् ।

पछिल्लो समय कृषकहरुले गरिरहेको अन्नबाली र तरकारी खेतीबाट उत्पादनमा आइरहेको ह्रासलाई मध्यनजर गरी माटो परीक्षण सुरु गरिएको महोत्सव आयोजक संस्थाका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउँछन् । 'माटोको अवस्था पत्ता लगाउन र के-कस्तो खेती गर्न उपयुक्त हुन्छ भन्ने पत्ता लगाउन माटो परीक्षण गर्ने व्यवस्था गरेका हौं', उनले भने-'यसले किसानलाई उत्पादन बढाउन र मुनाफा कमाउन सहयोग पुग्ने विश्वास छ ।'

जिल्लाका ग्रामीण क्षेत्रका अधिकांश व्यक्ति कृषिमा निर्भर छन् । तर, नजिक माटो परीक्षणको व्यवस्था नहुँदा चाहेर पनि परीक्षण गर्न सकेका छैनन् । महोत्सवमा गरिएको निःशुल्क माटो परीक्षणमा प्रांगारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटास परीक्षण गरिने छ । प्रयोगशालामा गएर आफैँले माटो परीक्षण गराउन खर्चिलो र झण्झटिलो हुने भएका कारण महोत्सवमै सेवा दिनका लागि माटोको निःशुल्क परीक्षण शिविर आयोजना गरिएको कृषि व्यवस्थापन संयोजक समेत रहेकी संघकी सदस्य यमकला न्यौपानेले बताइन् ।

'जथाभावी रासायनिक मलको प्रयोगले माटोमा अम्लियपना बढी भइरहेको छ, उत्पादन र उत्पादकत्व घट्दो छ', उनले भनिन्-'यहाँ गरिएको परीक्षणले माटोको अवस्थामा सुधार ल्याउन सहयोग गर्नेछ । अर्कातर्फ किसानलाई माटो सुहाउँदो व्यवसायिक खेतीतर्फ आकर्षित गराउन पनि सहयोग पुग्नेछ ।'

पछिल्लो वर्षहरुमा कृषि क्षेत्रमा रासायनिक मलको प्रयोग बढ्दो छ । यसले माटोको उर्वराशक्तिमा ह्रास गरिरहेको छ । तर, धेरै किसानलाई यसबारे जानकारी छैन । यसबारे जानकारी गराउने र कस्तो माटोमा कुन खेती गर्दा उब्जनी बढी हुन्छ भन्ने जानकारी दिने उद्देश्यले महोत्सवमा निःशुल्क माटो परीक्षण सुरु गरिएको आयोजकको भनाइ छ ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# अलपत्र औद्योगिक क्षेत्र

मोतीपुर औद्योगिक क्षेत्र घोषणा भएको लामो समय भयो । पूर्वाधार निर्माणका लागि शिलान्यास भएको पनि चार वर्ष भयो, तर काम अघि बढ्न नसक्दा अलपत्र परेको छ ।

औद्योगिक क्षेत्रभित्रको बस्तीका बारेमा अन्यौल हुँदा औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्न सकेन् । बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारीसम्मको नदी उकास क्षेत्रसहित ९ सय बढी बिघा जग्गामा औद्योगिक क्षेत्र बनाउने संघीय सरकारले घोषणा गरेको थियो । त्यही घोषणाअनुसार सरकारले ८ सय १३ बिघा जग्गा मोतीपुर औद्योगिक क्षेत्र विकास समितिका नाममा ल्याइसकेको छ । यही जग्गाभित्रको बस्ती र खेतीयोग्य जग्गाधनीहरुको व्यवस्थापनका बारेमा बेलैमा ध्यान नदिनु कमजोरी भयो ।

बस्तीसहितको खेतीयोग्य भूमिमा औद्योगिक क्षेत्र बनाउन सकिन्छ भन्ने सोंच्नु नै कमजोरी हो । कुनै विकास आयोजना अघि बढ्दा असन्तुष्ट समूहलाई कुनै राजनैतिक शक्तिको आडमा विवाद बल्झने प्रवृत्ति नेपाली समाजमा हावी छ । विकास आयोजनामा सहमति गरी अघि बढाउनुको साटो विवाद चर्काएर राजनैतिक स्वार्थ पूरा गर्ने प्रवृत्ति हावी भएकाले हामी कहाँ धेरै आयोजन अलपत्र पर्दै आएका छन् । मोतीपुर औद्योगिक क्षेत्र पनि स्वार्थ समूहको जालोमा परेको हो । मोतीपुर औद्योगिक क्षेत्रलाई यस्तो बनाइएको छ कि अब यो आयोजना अघि बढ्दा थोरै क्षेत्रफलको सानो औद्योगिक क्षेत्र बन्ने दिशातिर अघि बढेको छ । प्रदेशको ड्रिम आयोजनालाई स्वार्थ बाँझिदा कसरी तुहाइन्छ भन्ने यो एउटा उदाहरण हो ।

अहिले सरकारले पुनः जग्गाको नापजाँच अघि बढाएको छ । अब विवाद नभएको क्षेत्रफल निर्धारण गरी औद्योगिक क्षेत्र निर्माणको काम अघि बढाउनुपर्छ । विकास आयोजना अलपत्र पर्दा अपेक्षित उपलब्धि हासिल हुँदैन, जसले आम नागरिकमा निराशा बढाउँछ । मोतीपुर औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्दा यस क्षेत्रका निराश उद्योगी व्यवसायीमा आशा जगाउन सकिन्छ ।

# विद्यार्थीको सिकाइ सुधार्न के गर्नुपर्छ स्कुल र अभिभावकले ?



मातृका अर्याल

*सिकाइमा विद्यार्थीसँग छलफलको विधि बढी उपयोगी हुन्छ । हाम्रो परम्परागत शिक्षणमा शिक्षक नै केन्द्रमा रहने हुन्छ। छलफलको विधिमा विद्यार्थी केन्द्रमा हुन्छ। कक्षाकोठामा विषयवस्तुमाथि छलफलको वातावरण बनाउने काम पनि शिक्षककै हो । कक्षाकोठामा विद्यार्थीको सहभागिता जति बढी हुन्छ विद्यार्थीमा उति नै बढी सिर्जनात्मक क्षमता विकास हुन्छ ।*

चालु आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट ल्याएकोमा शिक्षा मन्त्रालयका लागि दुई खर्ब तीन अर्ब ६६ करोड रुपैयाँ छुट्ट्याएको छ । बजेटले मानव संसाधन विकासमा जोड दिएको छ।

मानव संसाधन विकासमा शिक्षाको भूमिका पहिलो हुन्छ। यो लेख खासगरी मोफसलका सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि सुधारका विषयमा केन्द्रित छ।

बालबालिकाको सोच्ने, समय बिताउने, साथीसँग भेटघाट गर्ने, मनोरञ्जन गर्ने, पढ्नेलगायत तरिका फेरिँदै गएको छ। दुई दशकअघिको तुलनामा आजका बालबालिकामा यी तरिकाहरू अनपेक्षित रूपमा फेरिएका छन् ।

बदलिँदो परिस्थिति अनुसार स्कुलमा उपयुक्त शैक्षणिक रणनीति अपनाउनुपर्ने भएको छ।

विद्यालयमा एउटै कक्षाकोठामा विभिन्न जातजाति, वेशभूषा, रहनसहन र परम्पराका विद्यार्थीहरू हुन्छन् । तिनको पारिवारिक पृष्ठभूमि र बौद्धिक क्षमतामा पनि विविधता हुन्छ।

यी सबै विद्यार्थीहरूलाई निर्धारित पाठ्यक्रम र उपलब्ध शैक्षिक सामग्री अनुसार एउटै कक्षाकोठामा पढाउनुपर्ने हुन्छ। सिकाइ उपलब्धिमा शिक्षकको शिक्षण कौशल र वातावरणको प्रभाव सबैभन्दा बढी हुन्छ।

एउटै कक्षाकोठाका सबै विद्यार्थीको सिकाइ क्षमता, इच्छा, रूचि र मानसिक तत्परता एकै हुँदैन । उनीहरूको बौद्धिक क्षमता पनि बराबर हुँदैन ।

एउटा शिक्षकले कक्षाकोठाका सबै विद्यार्थीले उच्चस्तरको सिकाइ उपलब्धि हासिल गर्ने गरी पढाउनु गाह्रो काम हो, तर एउटा निश्चित उपलब्धि हासिल गर्ने स्तरमा पुऱ्याउनै पर्छ। यसो गर्नु शिक्षकको दायित्व हो।

सबै विद्यार्थीको सिकाइ क्षमता र अन्य पक्ष एकै नभए पनि सबैले केही न केही सिकेकै हुन्छन् । कक्षाकोठामा सबै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न विद्यालय प्रशासन, शिक्षक र अभिभावकले आ-आफ्नातर्फबाट योगदान गर्नुपर्छ।

**विद्यालय प्रशासन**

स्कुलको शैक्षिक, भौतिक, आर्थिक, प्राविधिक तथा प्रशासनिक पक्षहरू सुधार गर्दै उपयुक्त शैक्षिक वातावरण निर्माणमा विद्यालय प्रशासनको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालय प्रशासन भन्नु मुख्य रूपमा प्रधानाध्यापक हो ।

स्कुल तहमा सामान्यतया चार वर्षदेखि १६-१७ वर्षसम्म उमेरका विद्यार्थी हुन्छन् । यी सबै विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि हासिल गर्न प्रशासनले विद्यालयमा सकारात्मक वातावरण तयार गर्नुपर्छ।

विद्यार्थीहरूलाई थोरै समयमा पनि विद्यालयको वातावरणले धेरै प्रभाव पारेको हुन्छ। विद्यालयको वातावरण स्वच्छ, शान्त, भयरहित र बालसंगत हुनुपर्छ। विद्यार्थीहरूले आफ्नो विचार व्यक्त गर्न सक्ने, शिक्षकसँग मनको कुरा भन्न सक्ने आत्मीय वातावरण हुनुपर्छ।

विद्यार्थीहरूको पनि आपसमा सहज वातावरण हुनुपर्छ। कुनै पनि विद्यार्थीले आफू साथी र शिक्षकबाट अपमानित भएको, हेपिएको अनुभव नगरोस्।

कदाचित कुनै विद्यार्थीलाई केही अप्ठ्यारो परेमा तुरून्त सहयोग प्राप्तहुने वातावरण हुनुपर्छ। विद्यार्थीहरूबिच आफूभन्दा सानालाई माया गर्ने र ठूलालाई आदर गर्ने परम्परा विकास गर्नुपर्छ।

विद्यार्थीहरूको रूचि र क्षमता एकअर्कामा फरक हुन्छ। स्कुल प्रशासनले यस्ता विद्यार्थीहरूमाझ साझा दृष्टिकोण प्रस्तुत गर्न सक्नुपर्छ। यसो भएपछि विद्यार्थीहरूको पनि साझा दृष्टिकोण बन्छ।

पढाइ र नतिजा प्राप्तिमा विद्यार्थीहरूबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनुपर्छ। यसो हुँदा उत्कृष्ट नतिजा प्राप्तिमा मद्दत पुग्छ। विद्यार्थीहरूलाई विद्यालय परिसरमा समूह बनाएर व्यावहारिक काममा पनि लगाउनुपर्छ। स्कुल परिसरमा सफाइ गर्ने, बगैंचा र करेसाबारी बनाउने, कक्षा कोठाका भित्ता शैक्षिक सामग्रीले सजाउने जस्ता काममा लगाउनुपर्छ।

यसो गर्दा विद्यार्थीहरूमा सामूहिकता र सहयोगको भावना सिर्जना हुन्छ । नेतृत्व क्षमता अभिवृद्धि हुन्छ । परिश्रम गर्ने बानी विकास हुन्छ । 'म पनि गर्न सक्छु' भन्ने आत्मविश्वास बढ्छ।

विद्यालयमा अभिभावकको नियमित उपस्थिति हुनु निकै महत्त्वपूर्ण हुन्छ। सबै अभिभावक सधैं विद्यालयमा पुग्न सम्भव हुँदैन, आवश्यक पर्ने पनि होइन तर दिनभरिमा कोही न कोही अभिभावक विद्यालयमा हुनुले शैक्षिक गतिविधि सुधार्न मद्दत पुग्छ।

अभिभावकहरू विद्यालय आउने गर्दा उनीहरूलाई विद्यालयको वातावरण थाहा हुन्छ । प्रधानाध्यापक र शिक्षकसँग खुलस्त संवाद हुँदा आफ्ना विद्यार्थी छोराछोरीको शैक्षिक र अन्य गतिविधि थाहा हुन्छ। अन्य बालबालिकको गतिविधि पनि थाहा हुन्छ।

यसो भएपछि घरमा छोराछोरीको पढाइमा मद्दत गर्न पनि सजिलो हुन्छ। अभिभावकको उपस्थितिले शिक्षकलाई पनि आफ्नो जिम्मेवारीमा सजग रहन मद्दत पुग्छ।

विद्यालयको शैक्षिक गतिविधिमा अभिभावकको सहभागिता बढाउने जिम्मेवारी प्रधानाध्यापकको हो ।

**शिक्षक**

विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा सबैभन्दा महत्त्वपूर्ण भूमिका शिक्षकको हुन्छ। विषयगत नतिजा कमजोर हुनुमा शिक्षक मात्र दोषी हुँदैन, यसमा विभिन्न कारणहरू हुन सक्छन् ।

विद्यार्थीको सिकाइ क्षमता, उसको रूचि, कक्षाकोठाको वातावरण, अभिभावकको सहयोग, विद्यार्थीको मेहनत, पाठ्यक्रमलगायतले शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन्छ । उल्लिखित पक्षहरू सकारात्मक छन् भने सिकाइ उपलब्धि राम्रो हुन्छ; नकारात्मक छन् भने नराम्रो हुन्छ।

विषयगत नतिजा विश्लेषण गर्ने, नतिजा कमजोर हुनुको कारण पत्ता लगाउने र सुधारको प्रयास गर्ने जिम्मेवारी शिक्षकको हो।

प्रधानाध्यापकको सहयोग आवश्यक भए त्यो प्राप्त गर्ने जिम्मेवारी पनि शिक्षककै हो। अभिभावकको सहयोग लिने जिम्मेवारी पनि शिक्षककै हो।

शिक्षकमा पनि निरन्तर अध्ययन गर्ने र सिक्ने बानी हुनुपर्छ । अपेक्षाअनुसार विद्यार्थीले सिक्न नसक्नुमा कतै मेरो शिक्षण शैलीको पनि दोष छ कि भन्नेमा शिक्षक सजग रहनुपर्छ । विद्यार्थीले सहज ढंगले पाठ्यवस्तु सिक्न सक्ने शिक्षणशैली विकास गर्न शिक्षकको हरदम सिर्जनशील रहनुपर्छ।

उदाहरणहरूबाट सिकाउनु सबभन्दा उपयुक्त शैली हो। यसैअनुसार विद्यार्थीलाई मेहनत गराउनुपर्छ। घोक्नमा भन्दा बढी दैनिक प्रयोगबाट सिकाउनमा ध्यान दिनुपर्छ।

आफूले बनाउन सक्ने शैक्षिक सामग्री बनाउनु र प्रयोग गर्नु, शैक्षिक सामग्री बनाउन विद्यार्थीलाई सहभागी गराउनु पनि शिक्षककै काम हो। निरन्तरको अभ्यासले विद्यार्थीको सिकाइ क्षमता बढ्दै जान्छ। अन्ततः सिकाइ उपलब्धि पनि राम्रो हुन्छ।

सिकाइमा विद्यार्थीसँग छलफलको विधि बढी उपयोगी हुन्छ। हाम्रो परम्परागत शिक्षणमा शिक्षक नै केन्द्रमा रहने हुन्छ। छलफलको विधिमा विद्यार्थी केन्द्रमा हुन्छ।

कक्षाकोठामा विषयवस्तुमाथि छलफलको वातावरण बनाउने काम पनि शिक्षककै हो। कक्षाकोठामा विद्यार्थीको सहभागिता जति बढी हुन्छ विद्यार्थीमा उति नै बढी सिर्जनात्मक क्षमता विकास हुन्छ।

सिर्जनात्मक क्षमताले विद्यार्थीमा समीक्षात्मक सिप विकास हुन्छ। मनमा जिज्ञासाहरू पलाउँछन्। विद्यार्थी प्रश्न गर्न उत्सुक हुन्छ।

शिक्षक र विद्यार्थीबिच जति बढी सुमधुर सम्बन्ध हुन्छ सिकाइ त्यति नै राम्रो हुन्छ। विद्यार्थीले निर्धक्क भएर प्रश्न गर्ने र आफ्नो समस्या भन्ने वातावरण बनाउने काम पनि शिक्षककै हो।

यसो हुन सके सिकाइ उपलब्धि सुधार हुँदै जान्छ।

**अभिभावक**

विद्यालय तहका विद्यार्थीले सामान्यतया एक दिनमा बढीमा एक चौथाइ समय मात्र विद्यालयमा बिताउँछ, त्यो पनि वर्षभरिमा बढीमा २२० दिन मात्र। बाँकी समय उनीहरू घरमै हुन्छन् ।

यसरी तीन चौथाइभन्दा बढी समय घरमै बित्ने भएकाले विद्यार्थीको शैक्षिक नतिजामा अभिभावकको भूमिका निकै महत्त्वपूर्ण हुन्छ।

अभिभावकले आफ्ना विद्यार्थी छोराछोरीका लागि पढाइको राम्रो वातावरण बनाइदिनुपर्छ । घरमा पढाइको समय व्यवस्थापन गरिदिने, ठीकसँग पढाइ गरे-नगरेको निगरानी गर्ने र नतिजा सुधारका लागि मेहनत गर्न प्रोत्साहित गर्ने जिम्मेवारी अभिभावकै हो।

अभिभावक विद्यालयमा नियमित सम्पर्कमा रहनुपर्छ। आफ्ना छोराछोरीबारे चासो राख्नुपर्छ, शिक्षकसँग छलफल र परामर्श गर्नुपर्छ । त्यसैअनुसार घरमा उपयुक्त वातावरण बनाइदिनुपर्छ।

अभिभावकले यस्तो जिम्मेवारी पूरा गरेको अवस्थामा विद्यार्थीको सिकाइस्तर अभिवृद्धि हुन्छ।

**निष्कर्ष**

विद्यालयमा हुने शिक्षण र विद्यार्थीको सिकाइ उपलब्धि शिक्षक (प्रधानाध्यापक समेत), विद्यार्थी र अभिभावको त्रिपक्षीय प्रयासमा निर्भर रहन्छ । प्रधानाध्यापकले निरन्तर निगरानीका साथ विद्यालयमा उचित शैक्षिक वातावरण बनाउनुपर्छ।

यसो भए मात्र राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, स्वाभिमानी, मेहनती, उच्च नैतिकवान र सिर्जनशील जनशक्ति तयार हुन्छ। यस्तो जनशक्ति तयार गर्ने आधारभूमि विद्यालय नै हो।

यस तथ्यमा सबै सरोकारवालाको ध्यान जानु र आ-आफ्नो जिम्मेवारी पूरा गर्नु अत्यावश्यक छ । यस अवस्थामा मात्र शिक्षा क्षेत्रमा छुट्ट्याएको बजेट सदुपयोग हुनेछ।

सेतो पाटीबाट

# सेयर बजार १२.८४ अंकले घट्यो



काठमाडौं । मंगलबार पनि सेयर बजार (नेप्से) घटेको छ । सोमबार १२.८४ अंकले घटेको बजार मंगलबार ६.३२ अंकले घटेको हो ।

मंगलबार कारोबार रकम पनि घटेको छ। मंगलबार ४ अर्ब ४१ करोड ३३ लाख रुपैयाँको कारोबार भएको हो ।

मंगलबार १४८ कम्पनीको मूल्य घटेको छ। ८५ कम्पनीको मूल्य बढेको छ भने १० कम्पनीको मूल्य स्थिर रह्यो । कारोबार रकमका हिसाबले मंगलबार एनआरएन इन्फ्रास्ट्रक्चर कम्पनी शीर्ष स्थानमा रह्यो । यसको १८ करोड ९६ लाख रुपैयाँको सेयर कारोबार भएको छ।

जोशी हाइड्रोपावर र खानीखोला हाइड्रोपावरको सेयर मूल्य ७ प्रतिशतले बढ्यो । त्यस्तै बढी कारोबार भएको एनआरएन इन्फ्रास्ट्रक्चर कम्पनीको मूल्य ९.९० प्रतिशतले घटेको छ।

# पोर्चुगलमा राजदूतावास नहुँदा नेपालीलाई सास्ती !

किरण अधिकारी



पोर्चुगल सरकारले विदेशी आप्रवासीहरू लाई आधिकारीक रूपमा प्रदान गर्दै आएको, अस्थायी अनुमति पत्र 'टीआरसी' वितरणमा पछिल्लो समय तिब्रता देखाएको छ । तर नेपालीलाई पोर्चुगलमा राजदुतावास नहुँदा एकदमै सास्ती खेप्नुपरेको छ ! यहाँको अस्थायी अनुमति प्रमाण पत्र लिन आवश्यक कागजपत्रमा राजदुतावास ले प्रमाणीकरण गर्नुपर्ने हुन्छ । तर यहाँ राजदुतावास नहुँदा अति चर्को शुल्क तिरेर कागजपत्र प्रमाणीकरण को लागी भारत या फ्रान्समा रहेको नेपाली राजदुतावासमा पठाउने चपेटामा नेपाली परेका छन् ।

वर्षौंदेखि राजदुत रूपमा काम गर्दै आएको कन्सुलर सेवा समेत चार, पाँच महिना अघिदेखि बन्द भएको हुँदा, यहाँ नेपाली कागजपत्र, राहादानीलगायतका काममा समस्या मा परेका हुन् । पहिले कन्सुलर सेवा सन्न्चालन हुँदा 'टीआरसी' को लागि आवश्यक नेपाली पुलिस रिपोर्टमा प्रमाणीकरण गरेको नेपाली पाँच हजार लाग्थ्यो, तर अहिले कन्सुलर सेवा बन्द हुँदा, पुलिस रिपोर्टलाई भारत/फ्रान्समा रहेको नेपाली राजदुतावासबाट प्रमाणीकरण गर्नको लागि मात्र, नेपाली ३०हजारदेखि ४० हजारसम्म तिर्नुपर्ने बाध्यता परेको छ। पोर्चुगलमा राजदुतावास नहुँदा महँगो शुल्क तिर्नुपर्ने बाध्यता एकातिर छ भने अर्कोतिर भारत र फ्रान्स पठाएका कागजपत्र छाप लगाएर समयमा नआउने समस्या भने धेरै नेपालीहरुलाई झनै ठूलो समस्या थपेको छ।

पछिल्लो समय धेरै नेपालीहरुले अस्थायी अनुमति प्रमाण पत्र को निमित्त बायोमेट्रिक गरेका छन्, तर पुलिस रिपोर्टदेखि राहदानीको समस्याले गर्दा नेपालीहरुले खेप्नु दुःख खेपेका छन् । राहादानी म्याद सकिएर नयाँ बनाउँदा होस् या पुलिस रिपोर्टदेखि अन्य पारिवारिक पुनर्मिलनको लागि चाहिने कागजपत्र प्रमाणीकरण गर्नुपर्ने होस्, राजदुतावास त परको कुरा, नेपाल सरकारले आधिकारिक, संस्था समेत यहाँ नहुँदा र पहिलेदेखि काम गर्दै आएको कन्सुलर सेवा समेत बन्द गरिदिँदा नेपालीले पाउनु दुःख पाएका छन् भने अर्कोतिर चर्को शुल्क तिर्नुपर्ने बाध्यताले गर्दा नेपालीहरु एजेन्सीहरूबाट ठग्नु ठगिएका छन् ।

नेपाल सरकारले पटक-पटक पोर्चुगलमा राजदूतावास राख्ने निर्णय गऱ्यो, तर आजको दिनसम्म राजदूत आएको छैन । पोर्चुगलमा रहेका नेपालीहरुलाई राजदूतावास आउला र कागजपत्र प्रमाणीकरणलगायतका काममा सजिलो होला र अभिभावकीय भूमिका निर्वाह गर्ला भनेर पत्याउन छोडिसकेका छन् । नेपाल सरकारको गैरजिम्मेवारी निर्णयले गर्दा नेपालीहरु नेपालदेखि यहाँसम्म अफ्ठ्यारोमा परेका छन् । पोर्चुगलमा रहेका नेपालीहरुका अनुसार नेपाल सरकारले छिटोभन्दा छिटो राजदूतावास राख्ने निर्णयलाई कार्यान्वयन गरोस्, राजदूतावास राख्ने क्षमता नेपाल सरकारसँग छैन भने, बिगत लामो समयदेखि काम गर्दै आएको, कन्सुलर सेवालाई यथाशीघ्र पुनः सुचारु गरी सहजीकरण गरिदिओस्, नेपालीलाई नेपाली भएकै कारण जुन ठाउँमा पनि दुःख दिने प्रवृत्तिलाई अन्त्य गरोस्, पोर्चुगलमा रहेका नेपालीहरुको एकमुष्ट जोडदार माग रहेको छ..!

**नेपाल...**

छैटौं बुँदामा सहकार्यका लागि संयन्त्रहरूको बारेमा उल्लेख गरिएको छ । यसलाई १० वटा बुँदामा व्याख्या गरिएको छ । यसका लागि चिनियाँ पक्षबाट नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनले त्यहाँको परराष्ट्र मन्त्रालय र वाणिज्य मन्त्रालयको सहकार्यमा काम गर्नेछ भने नेपालको तर्फबाट परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयले प्रतिनिधित्व गर्नेछन् ।

गत मंसिर १९ गते बुधबार बेइजिङमा आयोजित विशेष समारोहमा नेपाल सरकार र चीन सरकार बीच बेल्ट एवं रोड सहकार्यको फ्रेमवर्कमा हस्ताक्षर भएको थियो ।

फ्रेमवर्क सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहदुर राई र चीनका तर्फबाट चीनका नेसनल डेभलपमेन्ट एन्ड विकास रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका थिए ।प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डलले मंसिर १७ देखि २० गतेसम्म चीन भ्रमण गरेको थियो । बीआरआइ सहकार्य फ्रेमवर्कमा गरिएको सम्झौतालाई लिएर कांग्रेसका केही नेताहरूले संशय व्यक्त गरिरहेका छन् ।

सम्झौतामा भनिएको छ, 'चिनियाँ पक्षले बेल्ट एन्ड रोड संयुक्त रूपमा निर्माण गर्ने ढाँचाअन्तर्गत नेपालको विकास प्रयासलाई प्राविधिक र आर्थिक सहयोग प्रदान गर्नेछ । दुवै पक्षले प्राविधिक सहयोग सुनिश्चित गर्न र सार्वभौम प्रारम्भ गरिएका परियोजनाहरूका लागि दुवै पक्षको आवश्यकताहरू अनुरूप गर्ने सहायता मोडालिटीहरू सुनिश्चित गर्न काम गर्नेछन् ।'

दुवै पक्षले प्राविधिक, वित्तीय, व्यावसायिक र आर्थिक सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गर्नेछन् र प्राथमिकतामा परेका आयोजनाहरूको लागि 'भ्लालु फर मनी' सुनिश्चित गर्ने बताइएको छ ।

दुवै पक्षले अन्तर्राष्ट्रिय बहुपक्षीय वित्तीय विकास संस्था वा संयन्त्रलाई कनेक्टिभिटी र विकास प्रवर्द्धन गर्न थप आर्थिक सहयोग उपलब्ध गराउन आह्वान गरिरहने पनि बताइएको छ ।

**लुम्बिनी...**

'रुपन्देहीको ग्रामीण क्षेत्रमा राम्रो उब्जनी हुन्छ, तर निरन्तरको रासायनिक मलको प्रयोगले किसानहरुले चाहेजति मुनाफा कमाउन सकिरहेको अवस्था छैन', संघका अध्यक्ष श्रेष्ठले भने-'यसैल महोत्सवस्थलमा हामीले माटो परीक्षण शिविर सञ्चालन गरेका हौं । यसले किसानले कस्तो माटोमा कुन किसिमको खेती गर्दा उब्जनी बढी हुन्छ भन्नेबारे जानकारी पाउनुहुनेछ । यसले उब्जनी वृद्धिमा सहयोग पुग्नेछ ।'

उनले सबै किसानको पहुँच प्रयोगशालासम्म नपुग्ने र नजिक प्रयोगशाला समेत नभएकाले धेरैले आफ्नो जमिनको माटो परीक्षण गर्न नपाएको बताए । 'उद्योग-व्यवसाय र पर्यटनसँगै कृषि हाम्रो समृद्धिको आधार हो । ठूलो हिस्सा नेपालीहरु कृषि खेतीमा लाग्नुभएको छ', उनले भने-'महोत्सवले कृषिको व्यवसायीकरण र आधुनिकीकरणलाई पनि जोड दिएको छ ।

यसका लागि माटोको उर्वराशक्ति राम्रो हुनु अत्यन्तै आवश्यक छ । यसैले माटो परीक्षण गरेर किसानलाई आफ्नो उब्जाउ भूमिको यथार्थ जानकारी गराउने कोसिस गरेका छौं ।'

आयोजकले महोत्सवमा कृषि प्याभेलियन निर्माण गरेका छन् । उक्त प्याभेलियनमा माटो परीक्षण भइरहेको छ । कृषि व्यवसाय गर्न चाहनेले कस्तो माटोमा कुन खेती गर्दा उब्जनी र मुनाफा हुन्छ भन्नेबारे जानकारी पाउनेछन् । मंगलबारदेखि सुरु निःशुल्क माटो परीक्षण २७ गतेसम्म गरी तीन दिन चल्नेछ ।

'महोत्सवमा नेपालगञ्जका प्राविधिकहरुको सहयोगमा माटोको निःशुल्क परीक्षण भइरहेको छ, यहाँ जुनसुकै किसानले आएर आफ्नो खेतबारीको माटो परीक्षण गर्न सक्नुहुनेछ', संघकी सदस्य एवं कृषि व्यवस्थापन समिति संयोजक न्यौपानेले भनिन्-'धेरैभन्दा धेरै किसानलाई यसबाट लाभ लिन आग्रह गर्दछु ।'

भैरहवा तथा यस आसपास रहेका तिलोत्तमा, धकधई, मर्चवार, अमवा, लुम्बिनी, गैंडहवा, कञ्चन, सिद्धार्थनगरलगायतका कृषकलाई लक्षित गरी मेलामै माटोको निःशुल्क परीक्षण गरिएको हो । 'माटोको परीक्षण पछि प्राविधिकहरुले कुन मौसममा कुन खेती गर्दा उपयुक्त हुन्छ, कसरी लाभ उठाउन सकिन्छ भनेर समेत सिकाइरहेका छन्', न्यौपानेले भनिन्-'यससँगै माटोमा अम्लियपन वा अन्य जीवाणु देखिए रोकथामको उपाय समेत सिकाइने छ ।'

महोत्सवमा माटो परीक्षणका लागि आएका किसान कृष्णप्रसाद बश्याल र कुलप्रसाद भण्डारीले सहकारी र कृषि समूहमार्फत् धेरै किसानको माटो परीक्षणका लागि लिएर आएको बताए । उनीहरुले वर्षौंसम्म माटोको परीक्षण गर्न नपाइएको जनाउँदै भैरहवामा महोत्सव आयोजकले किसानका लागि अवसर सिर्जना गरेको जनाए । उनीहरुले धेरैभन्दा धेरै किसानलाई लाभ लिन आग्रह गरे ।

माटो प्राविधिक तिलकबहादुर केसीले माटोको उत्पादन क्षमता, कुन खेती र तरकारी बाली लगाउँदा उत्पादन बढी हुन्छ भन्ने कुराहरु जाँच गरेपछि किसानलाई जानकारी दिने बताए । 'माटोको प्रांगारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटास परीक्षण गरिने छ', उनले भने-'यसले माटोको अवस्था पत्ता लगाउन मद्दत गर्नेछ । यसपछि किसानलाई हामीले त्यहीअनुसार सुझाव दिनेछौं ।' महोत्सवमा माटो परीक्षण गराउन गाउँगाउँबाट किसान आएका छन् ।

# नारायणगढ-बुटवल सडक: म्याद थपिएको चार महिनापछि विस्तारको काम सुरु

नवलपुर । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको नारायणगढ-बुटवल सडक विस्तारको काम म्याद थप भएको चार महिनापछि सुरु गरिएको छ । विसं २०७९ साउन २२ मा निर्माण सम्पन्न हुनुपर्ने यस योजनाको दोस्रोपटक थपिएको म्याद गत साउनमा सकिएको थियो ।

आगामी साउन ८ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी सरकारले म्याद थप गरेको आयोजनाले काम नै नगरी करिब साढे चार महिना बितायो । मनसुन, चाडपर्वलगायतका कारण देखाउँदै विस्तारको काम रोकेको निर्माण व्यवसायीले नोभेम्बर अन्तिम साताबाट विस्तारको काम सुरु गरेको हो । नारायणगढ-बुटवल सडक योजना पूर्वीखण्डका सूचना अधिकारी इञ्जिनीयर शिव खनालका अनुसार अहिले सडक विस्तारमा ३२३ श्रमिक परिचालन गरिएको छ ।

"पछिल्लो १३ दिनदेखि सडक विस्तारको काम सुरु भएको हामीलाई जानकारी आएको छ", उनले भने-"अहिले सबबेस, बेस, अप्रोज रोड (नयाँ बनेको पुललाई सडकसँग जोड्न माटो भर्ने काम), कल्भर्ट निर्माण, ढुङ्गाको पर्खाल निर्माण गर्ने काम भइरहेको छ ।"

यस खण्डमा बनेका १६ पुलमा अप्रोज रोड बनाउनुपर्नेमा अहिले नौ वटामा काम भइरहेको र बाँकी सातमा पनि चाँडै काम सुरु हुने उनले बताए ।

त्यसैगरी २३२ कल्भर्टमध्ये १८१ वटा निर्माण सम्पन्न तथा १४ वटाको काम हुँदै गरेको भन्दै नौ स्थानमा सडक किनारमा ढुङ्गाको पर्खाल लगाउने काम भइरहेको इञ्जिनीयर खनालको भनाइ छ ।

गैंडाकोट, देवचुली र मध्यविन्दु नगरपालिकाका विभिन्न भागमा रहेको पुरानो कालोपत्र भत्काएर सबबेस, बेसको काम भइरहेको सूचना अधिकारी खनालले बताए । सडक विस्तारमा अहिले ११ वटा स्काभेटर, दुई क्रेन, छ रोलर, आठ ग्रेडरको प्रयोग भइरहेको खनालले जानकारी दिए ।


## एसएलसीको मार्कसिट हराएको सूचना

मेरो निम्न विवरण भएको एसएलसीको मार्कसिट र सर्टिफिकेट यही मिति २०८१/०७/१० गते बुटवल कालिकानगरदेखि ट्राफिकचोक जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम : सरोज कुँवर**
**ठेगाना : साविक पालुङ मैनादी-६, पाल्पा (हाल रिब्दीकोट-७, पाल्पा)**
**रजिष्ट्रेशन नं :१७१२२८६६६**
**सिम्बोल नं.: ०४५०२५३ k**
**सम्पर्क : ९८६०५५४८२०**

## श्री भैरव नवदीप माध्यमिक विद्यालय

रैनादेवी छहरा -४, पाल्पा ।

## आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१-०८-२६

यस कार्यालयको मिति २०८१-०७-१४ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर बाहेकपि.एस. सहित) |
|---|---|---|---|
| BN/PAL/W/ NCB/01-081/82 | Construction of School Building Gate and Landscaping Works | के.टि.एस.बिल्डर्स, टोखा न.पा.-०६, काठमाडौं | रु.५८,८६,४५५.२० |

प्रधानाध्यापक

## Ribdikot Rural Municipality

Khasyauli ,Palpa

## Invitation for Bids

Date of publication: 11-December-2024

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites electronic bids from eligible bidders for the procurement of worksas specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   ***Information to deposit the cost of Bidding Document in Bank:***
   Name of the Office: Ribdikot Rural Municipality, Khasyauli ,Palpa
   Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)
   Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli ,Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/CNo.:090CA50023041004) on behalf of RibdikotRural Municipality, Khasyauli , Palpa ,or online bid must be valid security for a period of 90 days for NCB counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours.The name, identification number and other details of the contract are as follows:

| S N | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Of KalikaGadi Gurase dada Tourism Infrastructure Development | RRM/ WORKS/ NCB-12/ 2081/82 | 10,792,475.71 | 3,000.00 | 2,70,000 | 10/1/2025 12:00 | 10/1/ 2025 13:00 | Online |

Chief Administrative Officer

## Purbakhola Rural Municipality

**Office of the Rural Municipal Executive**
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

## Invitation for Online Bids

**First Notice**

Date of publication: 2081/08/26(Dec11, 2024)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa
Account No.:14604010000009
Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA
Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa
Bid Validity Period:75 days.
(bidder's should submit Bid security through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| EGP/NCB/SQ/ PRM/07/2081-82 | Tamakhani Samungha Motarbato Staraunnati Yojana | 999,796.05 | 1000 | 27000 | 2081/09/11 12.00 Pm 1:00 Pm |
| EGP/NCB/SQ/ PRM/08/2081-82 | Devinagar Bazar Sohakhola Sadak Staraunnati Yojana | 999,698.36 | 1000 | 27000 | 2081/09/11 12.00 Pm 1:00 Pm |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ‘कार्बन व्यापारको आम्दानी सामुदायिक वनमा आउनुपर्छ’




**लुम्बिनी संवाददाता**
*तिलोत्तमा*

सामुदायिक वन क्षेत्रलाई साझा सम्पतिको रुपमा उपयोग गर्दै उत्पादन र आयआर्जनसँग जोडेर लैजानुपर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

सामुदायिक वनलाई समान सहभागिता र समावेशितामा रुपान्तरण गर्नसके आम उपभोक्ताको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने धारणा वक्ताहरुको थियो । मंगलबार करहिया सामुदायिक वन उपभोक्ता समूह तिलोत्तमा ७-९ द्वारा आयोजित २५औं साधारणसभामा बोल्ने वक्ताहरुले, सामुदायिक वनलाई उत्पादन र आयआर्जनसँग जोडेर बहुआयामिक ढंगले उपयोग गर्नुपर्नेमा जोड दिएका हुन् ।

करहिया सामुदायिक वनको सभाहलमा आयोजित सभामा बोल्दै तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले सामुदायिक वनहरुलाई उत्पादनसँग जोडेर लैजानु आजको मुख्य आवश्यकता रहेको बताए । मेयर खाँणले विश्व बजारबाट निस्कने कार्बन नियन्त्रणमा सामुदायिक वनको महत्वपूर्ण भूमिका रहने भन्दै त्यसबापत प्राप्त हने रोयल्टी सिधैं सामुदायिक वनहरुले प्राप्त गर्ने वातावरण बनाउन सरोकारवालाहरुको ध्यानाकर्षण गराए ।

तिलोत्तमा नगरपालिकाका उप-प्रमुख जगेश्वरदेवी चौधरीले सामुदायिक वनको संरक्षण गर्दै वनमार्फत् पर्यापर्यटनको विकास तथा आयआर्जनको बाटो पहिल्याउन सके आम उपभोक्ताको जीवनस्तर परिवर्तन हुने बताइन । कार्यक्रममा जिल्ला वन महासंघ रुपन्देहीका अध्यक्ष श्यामकला अर्याल, वनका सलाहकार एवं नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे, तिलोत्तमा वडा नं ८ का अध्यक्ष कृष्ण पौडेल, जिल्ला वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन विडारी, वन विज्ञ दामोदर तिवारी, वनका सल्लाहकार एवं पूर्व अध्यक्ष खेमप्रसाद गौतम, शंकरनगर सामुदायिक वनका अध्यक्ष रविन्द्र बस्नेतलगायतले बोल्दै सामुदायिक वनको आम्दानी अब सरकारले होइन, आम उपभोक्ताको जीवनशैली उकास्नमा खर्चिनुपर्ने बताएका छन् ।

सामुदायिक वनको विकास नहुनुमा राज्यका नीति नियम दोषी रहेको वक्ताहरुको भनाइ थियो ।

सभामा संस्थाका अध्यक्ष हरिलाल पाण्डेले संस्थाको वार्षिक प्रतिवेदन र आन्तरिक लेखा संयोजक निरञ्जनप्रसाद पराजुलीले आयव्यवय विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न ७ वटा सामुदायिक विद्यालयमा अध्यनरत १४ जना गरिब तथा जेहेन्दार छात्रछात्रालाई २ हजार ५ सयका दरले छात्रवृत्ति रकम प्रदान गरिएको छ । कार्यक्रममा वनका उपाध्यक्ष बाबुराम खरेल, सचिव विमला गुरुङलगायतले पनि आफ्ना भनाइ राखेका थिए ।

२०४४ सालदेखि संरक्षण सुरु भई २०५३ सालमा उपभोक्तालाई हस्तान्तरण गरिएको करहिया सामुदायिक वन २६९ हेक्टर क्षेत्रफलमा फैलिएको छ भने उपभोक्ताको घरधुरी संख्या ६ हजार ५ सय ५३ रहेको छ । वन क्षेत्रमा अहिले पर्यटक लक्षितगरी आकर्षक उद्यान बनाउन थालिएको छ ।

# छैंठौ तिलोत्तमा राष्ट्रपति रनिङ शिल्ड मंसिर २७ देखि




तिलोत्तमा । तिलोत्तमा नगरपालिकामा बिहीबारदेखि हुने छैंठौ नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ४१ विद्यालयले प्रतिस्पर्धामा भाग लिने भएका छन् । नगर खेलकुद विकास समिति तिलोत्तमाको आयोजनामा यहि मंसिर २७, २८ र २९ गते तीन दिनसम्म हुने प्रतियोगिताको तयारी पूरा भएको नगर खेलकुद विकास समिति तिलोत्तमाका अध्यक्ष लोक पुनले जानकारी दिए ।

तिलोत्तमा-४, जनज्योति खेल मैदानमा सञ्चालन हुने सो प्रतियोगितामा नगरभित्रका सामुदायिक र संस्थागत गरी ४१ विद्यालयहरुले प्रतिस्पर्धामा भाग लिने अध्यक्ष पुनले जानकारी दिए । विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने उद्देश्यले रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिएको नगरपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख गंगाराम आचार्यले बताए ।

जिल्लास्तरीय रनिङ्ग शिल्ड समेत तिलोत्तमा नगरपालिकाको सोही मैदानमा हुने गरी संयोजन गरिएको बताउँदै शिक्षा तथा खेलकुद शाखा प्रमुख आचार्यले यसप्रति सबै नगरवासीले गौरव गर्दै आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताए ।

प्रतियोगिताको बारेमा बोल्दै तिलोत्तमा नगरपालिका वडा नम्बर-४ का अध्यक्ष हरिबहादुर क्षेत्रीले रनिङ्ग शिल्ड गौरवको कुरा भएको र खेलकुद स्वास्थ्यसँग पनि जोडिएकोले नगरपालिकाले खेलकुदलाई विशेष प्राथमिकता दिएको जनाए । प्रतियोगितामा एथ्लेक्टिक्सतर्फ २६ इभेन्टहरु हुने छन् भने कराँतेतर्फ १२, तेक्वान्दोतर्फ १२, भलिबलतर्फ २ र कबड्डीतर्फ २ विधामा गरी ५४ प्रतियोगिता हुने छन् ।

जसमा एक सय, दुई सय, चार सय, आठ सय, एक हजार पाँच सय र तीन हजार मिटरका दौड प्रतियोगिताहरु समावेश गरिएको छ । रिले दौड, हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिन थ्रो, सटपुट, भलिबल, कबड्डीलगायतका प्रतियोगिताहरु हुने छन् ।

# २३औं सामूहिक खेलकुद महोत्सव सुरु

भैरहवा । ‘स्वास्थ्यका लागि खेलकुद, जीवनको लागि खेलकुद’ भन्ने नाराका साथ २३औं सामूहिक खेलकुद महोत्सव आज बुधबारबाट सुरु हुने भएको छ । सामूहिक विद्यालय परिवार रुपन्देहीले विद्यार्थीमा भएको अन्तरनिहित खेल प्रतिभाको प्रस्फुटन तथा बौद्धिक, शैक्षिक, सांस्कृतिक, खेलकुदलगायतका प्रतिस्पर्धात्मक क्रियाकलापको विकास गर्न प्रतियोगिता आयोजना गरेको हो ।

परिवारमा रहेका निजी विद्यालयहरुबिच आपसी सम्बन्ध कायम राख्दै विद्यार्थी, शिक्षक र अभिभावकमा पनि समबन्ध जोड्नका लागि प्रतियोगिताले भूमिका खेल्दै आएको छ । शिक्षाको साथै सामाजिक र खेलकुदमा पनि उत्तरदायित्व बहन गर्दै परिवारले विविध कार्यक्रमहरु गर्दै आएको अध्यक्ष बसन्त पाण्डेले बताए ।

प्रतियोगिताको मुख्य उद्देश्य छात्र तथा छात्रालाई शारीरिक तथा मानसिक रुपमा स्वास्थ्य राख्नु तथा उनीहरुमा रहेको प्रतिभालाई बाहिर ल्याउने प्लेटफर्मको श्रृजना गर्नु रहेको खेलकुद महोत्सवका संयोजक दिपक थापाले बताए ।

समूहमा आबद्ध २० विद्यालयका एक हजार ३ विद्याथीहरुबिच हुने खेल महोत्सव ३ तहमा विभाजन गरी प्रतियोगिता गराइने छ । कक्षा १ देखि ३ सम्मको सवजुनियर, कक्षा ४ देखि ६ सम्मको जुनियर र कक्षा ७ देखि १० सम्मका सिनियर गरी ३ तहमा हुने प्रतियोगितालाई छात्रा र छात्र गरी २ विधामा प्रतियोगिता गराइने संयोजक थापाले जनाए ।

मंसिर २६ गते देखि २९ गतेसम्म हुने ४ दिने खेल महोत्सवमा सय मिटरदेखि ८ सय मिटरसम्मका दौड, सय गुणे ४ रिले दौड, लङजम्प, सटपुट र भलिबल खेलहरु हुने आयोजकले जानकारी दिइएका छन् । महोत्सवमा सब जुनियर,जुनियर र सिनीयर तर्फबाट छात्र छात्रा उत्कृष्ट टिम घोषित गरी पुरस्कृत गरिने र सबै तहको अंकका आधारमा उत्कृष्ट टिम घोषित गरी पुरस्कृत गरिनेछ । प्रतियोगिता सम्पन्न गर्न करिब १३ लाख खर्च हुने अनुमान गरिएको छ ।

विजयी खेलाडी, विद्यालयलाई तह गत र विधा अनुसार ४८/४८ वटा स्वर्ण, रजत कास्य पदक तथा उत्कृष्ट विद्यालय समूह तथा च्याम्पीयनलाई रनिङ सिल्ड, सिल्ड तथा प्रमाण पत्र प्रदान गरिनेछ । खेल मैदानको अभावमा निश्चित ठाँउमा गराउनु पर्ने प्रतियोगिता फरक-फरक ठाँउमा खेलाउँदै आइएको छ । साझा खेल मैदान नहुँदा त्यसमा सरोकारवाला निकायले ध्यान दिई यथासिघ्र प्रयोगमा ल्याउन जरुरी रहेको सामूहिक विद्यालय परिवारको माग छ । अहिले भलिबल खेल पक्लिहवा माविको प्राङ्गणमा हुँदैछ भने अन्य खेल पक्लिहवा कृषि क्याम्पसमा हुनेछन् ।







**घर सहितको जग्गा आवश्यक**

योगीकुटीदेखि मणिग्रामसम्म पश्चिम भागतर्फ कम्तिमा ३ कठ्ठा देखि ५ कठ्ठासम्मको घरसहितको जग्गा व्यक्तिगत तथा व्यावसायिक प्रयोजनका लागि भाडामा आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क नम्बर: ९८५७०३७७१२, ९८५७०८४६४२

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क: बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७

E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com